आज मिति २०७६/०४/२४ गतेका दिन यस कोहलपुर नगरपालिकाका नगरप्रमुख श्री लुटबहादुर रावत ज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक बसी तपशिलको उपस्थितिमा निम्न प्रस्तावमा छलफल गरि निर्णय गरियो ।

उपस्थिति -

| क्र.सं | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | लुटबहादुर रावत | अध्यक्ष | [signature] |
| २. | सन्जु कुमारी चौधरी | सदस्य | |
| ३. | गोपीलाल खनाल | सदस्य | [signature] |
| ४. | कर्णसिंह बुढाक्षेत्री | सदस्य | [signature] |
| ५. | माधव रिजाल | सदस्य | [signature] |
| ६. | तिरथराम थारु | सदस्य | [signature] |
| ७. | विष्णु प्रसाद तिवारी | सदस्य | |
| ८. | खड्क बहादुर शाही | सदस्य | [signature] |
| ९. | दिपकजंग शाह | सदस्य | |
| १०. | रेशम बहादुर खत्री | सदस्य | [signature] |
| ११. | ठाकुर प्रसाद थारु | सदस्य | |
| १२. | निम बहादुर चलाउने | सदस्य | |
| १३. | कर्ण बहादुर थापा | सदस्य | [signature] |
| १४. | कृष्ण बहादुर खड्का | सदस्य | [signature] |
| १५. | ओम प्रकाश वली | सदस्य | [signature] |
| १६. | टेकचन हरिचन | सदस्य | [signature] |
| १७. | पतीराम थारु | सदस्य | |
| १८. | लीला कुमारी पाण्डे | सदस्य | [signature] |
| १९. | नारायणी वली | सदस्य | [signature] |
| २०. | गीता सुनार | सदस्य | [signature] |
| २१. | कल्पना शर्मा | सदस्य | [signature] |
| २२. | शान्ति सुनार्नी | सदस्य | [signature] |
| २३. | दयाराम वि.क. | सदस्य | [signature] |
| २४. | भीमबहादुर नेपाली | सदस्य | [signature] |
| २५. | डीलबहादुर परियार | सदस्य | [signature] |
| २६. | दशरथ बुढा | सचिव | [signature] |
| | सहयोगी कर्मचारी | | |
| १. | सुदिप सिंह सुनार | लेखा अधिकृत | [signature] |
| २. | अजितप्रसाद [illegible] | [illegible] | [signature] |

निर्णय नं. १ :- इलाका प्रशासन कार्यालयले कार्यालयको कामकारवाहीहरु लगायत सुरक्षा संग सम्बन्धित कामकाज गर्नुपर्ने भएकोले साथै इन्धन खर्चमा न्यूनतम रकम भएको भनी इन्धन बापत रु १,२४,०००।- (अक्षरुपी एक लाख चौबिस हजार) भुक्तानीका लागि माग भई आएको सन्दर्भमा इन्धन खर्च बापत रु.६२,०००। अक्षरुपी बैसट्ठी हजार उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. २ :- ईलाका प्रहरी कार्यालयबाट गाडी नालामा खसी क्षती भएको साथै मर्मत सम्भार सम्बन्धी बजेट नभएको साथै माग भई आएको गाडी मर्मत सम्बन्धी बजेटको लागि रु.२,५०,०००। ( अक्षरुपी दुई लाख पचास हजार) बिल पेश भए पश्चात भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. ३ :- मालपोत कार्यालय नेपालगंज बाँके बाट यस नगरपालिकालाई गाडी मर्मत सम्बन्धी विषयमा रकम माग भई आएकोले माग भएको रकमको ५०% (पचास प्रतिशत) रकम भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. ४ :- यस नगर क्षेत्र भित्र रहेको छाडा चौपाया व्यवस्थापन सम्बन्धमा बजेट समेत विनियोजन भएकोले छाडा चौपाया व्यवस्थापन गर्न इच्छुक पशु सेवा संग सम्बन्धित संघ संस्था तथा सेवा प्रदायकबाट रितपूर्वकको प्रस्ताव माग गरि व्यवस्थापन गर्ने प्रयोजनार्थ १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशन गर्न निर्णय गरियो । साथै सम्बन्धित गाँउपालिका तथा नगरपालिकाबाट समेत कृषि कार्यका लागि कुनै व्यक्ति तथा संघ संस्थालाई सहमति भई आए पश्चात समेत कानूनी प्रक्रिया पुरा गरि चौपाया व्यवस्थापन गर्ने निर्णय गरियो ।

निर्णय नं. ५ :- नगर कार्यपालिकाको बैठकबाट संचार गृह र अनलाइन पत्रिकालाई सम्मान गर्ने निर्णय भएको सन्दर्भमा कहिले सम्मान गर्ने भन्ने सम्बन्धी मिति र समय तय नभएकोले सो सम्बन्धमा छलफल हुँदा मिति २०७६ साल श्रावण २९ गते दिनको १:०० बजे सम्मान गर्ने निर्णय गरियो ।

निर्णय नं. ६ :- यस नगरपालिकाको नगर पार्श्व चित्र समेत तयारी नभएको अवस्थामा अव यस कोहलपुर नगरपालिकाको विस्तृत विवरण सहितको Digital Municipal Profile तयारी गर्ने निर्णय गरियो ।

निर्णय नं. ७ :- यस नगरपालिकामा नगर प्रहरी हाल पुरुष मात्र भएको तर पुरुष र महिला सेवाग्राही दैनिक रुपमा सेवा लिन आउने भएकोले दुई जना महिला नगर प्रहरीको सेवालाई लिन आवश्यक देखिएको हुँदा हाल सेवा उपलब्ध गराइएको संस्थाबाट थप २ जना महिला प्रहरीको सेवा लिने निर्णय गरियो ।

निर्णय नं. ८ :- कोहलपुर नगरपालिका वडा नं. १५ मा बस्ने गंगा प्रसाद थारुको छोरा अरुण कुमार चौधरी हाल महेन्द्र बहुमुखी क्याम्पस Bsc. CSIT चौथो सेमेस्टरमा अध्ययनरत रहेको तर आर्थिक अवस्था कमजोर भनी छात्रवृत्ति पाँउ भनि निवेदन प्राप्त भएकोले निवेदनमा उल्लेखित भएअनुसार निज वास्तविक गरिब हो होइन भन्ने सन्दर्भमा वडा नं. ४ को अध्यक्ष तिर्थराम थारु र कार्यपालिका सदस्य दयाराम बि.क.लाई आवश्यक जानकारी बुझि अर्को बैठकमा पेश गर्न निर्णय गरियो ।

निर्णय नं. ९ :-  यस नगरपालिकाको आर्थिक वर्ष २०७५/२०७६ को बार्षिक समिक्षा मिति २०७६ साल भाद्र १ र २ गते गर्ने निर्णय गरियो ।

निर्णय नं. १० :- कोहलपुर चौराहामा डियुटीमा रहने प्रहरीका लागि प्रहरी पोष्ट बनाई दिने भन्ने सन्दर्भमा ११ नं. वडा कार्यालयबाट सिफारिस पत्र प्राप्त भएकोले सो सम्बन्धमा छलफल गर्दा प्राविधिकबाट लागत इष्टिमेट तयार गर्न लगाई उपयुक्त स्थानमा उक्त प्रहरी पोष्ठ निर्माण गर्ने निर्णय गरियो ।

निर्णय नं. ११ :- वडा नं. १४ अर्न्तगत खटिक बस्तिहरुमा धारा निर्माण भएको तर फर्म नभएकोले सो कार्य गर्न प्राविधिकबाट लागत इष्टिमेट गर्न लगाई आवश्यक निर्माण कार्य गर्ने निर्णय गरियो ।

स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 84 'ज' बमोजिम
प्रमाणित